# पाँचौं पारिवारिक बजेट सर्वेक्षण कार्य सम्बन्धी
# नेपाल राष्ट्र बैंकको

# प्रेस विज्ञप्ति

१. देशको समग्र मूल्यस्थितिको प्रतिनिधित्व गर्ने राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कलाई अद्यावधिक गर्ने सिलसिलामा नेपाली घरपरिवारको यथार्थ आम्दानी तथा खर्चको संरचना सम्बन्धी तथ्याङ्क आवश्यक पर्ने भएकोले नेपाल राष्ट्र बैंकले पाँचौं पारिवारिक बजेट सर्वेक्षण कार्यक्रम मिति २०७० फागुन १ गतेदेखि सञ्चालन गर्न लागेको छ ।

२. सामाजिक, आर्थिक र पारिवारिक संरचनामा आउने परिवर्तनका साथै अन्य विविध कारणले घरपरिवारको उपभोगको प्रवृत्तिमा परिवर्तन आउने हुँदा निश्चित समयको अन्तरालमा पारिवारिक बजेट सर्वेक्षण गर्नुपर्ने हुन्छ र यस्तो सर्वेक्षणको कार्य सम्पन्न भएपछि राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क प्रकाशन गर्न प्रयोग हुने वस्तु र सेवाको सूची र सोको भार परिमार्जन गरिन्छ ।

३. यसरी परिमार्जित भारमा आधारित मूल्य सूचकाङ्कले बजारको मूल्यवृद्धिको यथार्थ चित्रण गर्न सक्दछ । देशको समग्र मूल्यस्थितिको प्रवृत्ति आँकलन गर्न, मुद्राको क्रयशक्ति मापन गर्न, तलब तथा ज्यालादर समायोजन गर्न, देशको वित्त तथा मौद्रिक नीति तर्जुमा गर्न तथा अन्य आर्थिक एवं वित्तीय नीति निर्माण गर्न मूल्यस्थिति सम्बन्धी यथार्थ विवरण आवश्यक हुन्छ ।

४. पारिवारिक बजेट सर्वेक्षणको लागि नेपालभरिबाट छानिएका ५५ जिल्लाका ८४ बजारकेन्द्र अन्तर्गत २०७ सर्वेक्षण वार्डबाट लिइएको ७४,७०७ घरपरिवारको लगतबाट वैज्ञानिक नमूना छनौट विधि अनुसार कुल ८,०२८ घरपरिवार सर्वेक्षणका लागि नमूनाका रूपमा छनौट गरिएको छ ।

५. सर्वेक्षण कार्यमा तथ्याङ्क सङ्कलन गर्न सम्बन्धित सर्वेक्षण क्षेत्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाट छनौट गरिएका शिक्षकलाई सर्वेक्षकको रूपमा नियुक्त गरिएको छ । सर्वेक्षकहरूले यस्तो तथ्याङ्क एक वर्षसम्म अर्थात् २०७० फागुन १ गतेदेखि २०७१ माघ मसान्तसम्म नियमित रूपमा घरपरिवारबाट सङ्कलन गर्नेछन् ।

६. नेपाल राष्ट्र बैंकबाट तथ्याङ्क सङ्कलन गर्न खटिएका सर्वेक्षक शिक्षकहरूले माग गरे बमोजिमको तथ्याङ्क प्रदान गरी सर्वेक्षण कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न आवश्यक सहयोग गरिदिनु हुन सम्बन्धित सबैमा नेपाल राष्ट्र बैंक हार्दिक अनुरोध गर्दछ । सङ्कलित पारिवारिक विवरण एवम् जानकारीहरू तथ्याङ्क ऐन, २०१५ बमोजिम गोप्य राखिने छ ।

७. नेपाल राष्ट्र बैंकले यसअघि आर्थिक वर्ष २०३१/३२ मा पहिलो, २०४१/४२ मा दोस्रो, २०५२/५३ मा तेस्रो र २०६२/६३ मा चौथो पारिवारिक बजेट सर्वेक्षण सम्पन्न गरिसकेको छ । हाल सञ्चालन गर्न लागिएको यो सर्वेक्षण पाँचौं पारिवारिक बजेट सर्वेक्षण हो ।

८. पाँचौं पारिवारिक बजेट सर्वेक्षणका लागि निम्न स्थानहरू छनौटमा परेका छन् । यीमध्ये कुनै बजारकेन्द्रहरूमा एकभन्दा बढी गा.वि.स.हरू समेत बजार केन्द्रका रूपमा रहेका छन् ।

(क) **पूर्व क्षेत्र :** विराटनगर उप-महानगरपालिका, इलाम, धनकुटा, दमक, इटहरी र खाँदबारी नगरपालिकाहरू, फिदिम, म्याङलुङ, भोजपुर, दिक्तेल, बिर्तामोड (अनारमनी-चारपाने), उर्लाबारी, दुहबी-भलुवा र चैनपुर गा.वि.स. का बजारकेन्द्रहरू ।

(ख) **मध्य क्षेत्र :** काठमाडौं महानगरपालिका, ललितपुर र वीरगञ्ज उप-महानगरपालिकाहरू, लाहान, कमलामाई, जनकपुर, बनेपा, विदुर, कीर्तिपुर, भक्तपुर, मध्यपुर-थिमी, भरतपुर, भीमेश्वर, हेटौंडा र मलङ्गवा नगरपालिकाहरू, कटारी, हनुमाननगर, मोहनपुर-कल्याणपुर, रामनगर-मिर्चैया, ढल्केबर, पाँचखाल, निलकण्ठ, नौबिसे, दामन-पालुङ, सीतापाइला-थानकोट, चम्पापुर, चाँगुनारायण-नगरकोट, चौतारा, बाह्रबिसे, हरिऔन, चन्द्रनिगाहपुर र जितपुर-सिमरा गा.वि.स. का बजारकेन्द्रहरू ।

(ग) **पश्चिम क्षेत्र :** पोखरा उप-महानगरपालिका; वालिङ, तानसेन, कपिलवस्तु, बुटवल र सिद्धार्थनगर नगरपालिकाहरू; बेसीशहर-गाउँशहर-उदीपुर, अर्थुङ्गे-घतान-ज्याम्रुककोट, खुर्कोट-शिवालय-दुर्लुङ, तम्घास, सन्धिखर्क, गैंडाकोट, सुनवल, कृष्णनगर र देवदह गा.वि.स. का बजारकेन्द्रहरू ।

(घ) **मध्य-पश्चिम क्षेत्र :** नारायण, सुर्खेत, घोराही, नेपालगञ्ज र गुलरिया नगरपालिकाहरू, सल्यान-खलङ्गा, लिवाङ, दुल्लु, छिन्चु, लमही, कोहलपुर र चन्दननाथ गा.वि.स. का बजारकेन्द्रहरू ।

(ङ) **सुदूर-पश्चिम क्षेत्र :** अमरगढी, दीपायल-सिलगढी, भीमदत्त र धनगढी नगरपालिकाहरू; मङ्गलसेन, पाटन, जोगबुढा, श्रीपुर, भजनी र दार्चुला-खलङ्गा गा.वि.स. का बजारकेन्द्रहरू ।

**भाष्करमणी ज्ञवाली**
**प्रवक्ता**

मिति २०७०/१०/२९